# अल्ट्रासाउन्ड

## Ultrasound

An ultrasound is a test using sound waves to look at parts of your body. You will not hear the sounds, but pictures will show up on the screen. An ultrasound is not an x-ray and does not cause pain. Review these instructions before your test so you know what you need to do to prepare for your test.

Arrive on time for your test. This test takes 20 to 40 minutes.

अल्ट्रासाउन्ड एउटा जाँच हो जसमा ध्वनी तरङ्गहरूको प्रयोग गरेर तपाईंको शरीरका भागहरू हेरिन्छ। तपाईंले आवाज सुन्नुहुने छैन, तर स्क्रीनमा चित्रहरू देखा पर्नेछन्। अल्ट्रासाउन्ड एक्सरे होइन, त्यसैले यसले दुखाउँदैन। तपाईंको जाँचभन्दा पहिले यी निर्देशनहरूको समीक्षा गर्नुहोस् ताकि तपाईंलाई थाहा हुन्छ कि जाँच गर्ने तयारी गर्न के गर्नु पर्छ।

आफ्नो परीक्षणको लागि समयमा आइपुग्नुहोस्। यो जाँचले 20-देखि 40 मिनेट लिन्छ।

## During the Test

- You will wear a hospital gown and lie on a table.
- Warm gel is put on your skin. A wand, called a transducer, is moved back and forth across your skin in the gel to take the pictures.
- You may need to hold your breath for some of the pictures.
- The staff checks the pictures before you go home. More pictures may be taken if needed.

## परीक्षण अवधिमा

- तपाईंले अस्पतालको गाउन लगाउनुहुनेछ र टेबलमा सुत्नुहुनेछ।
- तपाईंको छालामा न्यानो जेल लगाइन्छ। तस्विर लिनका लागि ट्रान्सड्यूसर भनिने लाठीलाई जेलमा तपाईंको छाला अघि र पछि सारिन्छ।
- केहि तस्विरहरू लिनका लागि तपाईंले सास फेर्नु पर्ने हुन्छ।
- तपाईंले घर जानुअघि कर्मचारीले तस्विरहरू जाँच गर्छ। आवश्यक परेमा थप तस्विरहरू लिन सकिन्छ।

## Follow These Extra Instructions if Marked

If your test is to check a certain part of your body, follow the extra instructions marked:

❑ **Abdominal**

- Do not eat or drink for 6 to 8 hours before the test.

❑ **Thyroid**

- Remove any jewelry around your neck.
- A rolled up towel is placed behind your neck during the test.

## चिह्न लगाइएको छ भने यी अतिरिक्त निर्देशनहरूको अनुसरण गर्नुहोस्

तपाईंको जाँच शरीरको एक निश्चित भागमा गरिएको हो भने चिह्नका अतिरिक्त निर्देशनहरूको पनि पालना गर्नुहोस्:

❑ **पेटसम्बन्धी**

- जाँचअघि 6-देखि 8 घण्टासम्म केही नखानुहोस्।

❑ **थाइरोइड**

- तपाईंको घाँटीका कुनै पनि गहना हटाउनुहोस्।
- जाँचको क्रममा तपाईंको घाँटी पछाडि बेह्रेको तौलिया राखिन्छ।

❑ **Breast**

- If you or your doctor felt a lump in your breast, you will be asked to point to it.
- The test can show if the lump is solid or filled with fluid, called a cyst.

❑ **Scrotum or Testicle**

- You may need to stand up for some of the pictures.
- You may be asked to push as if you are having a bowel movement.

❑ **Pelvis**

- You must drink 32 ounces or 1 liter of water for this test, so your bladder will be full.
- Finish drinking the water 1 hour before your test.
- During the test, pictures will be taken.
- You will be asked to go to the bathroom to empty your bladder. More pictures are taken.
- Female: A second part of the test may be done with your feet up in stirrups. A probe will be put into your vagina to take more pictures. The probe will then be removed.

❑ **छाती**

- तपाई वा तपाईंको डक्टरले तपाईंको छातीमा कुनै गाँठो महसुस गरेमा, तपाईंलाई यो देखाउन लगाइन्छ।
- यो जाँचले यो देखाउन सक्छ कि गाँठो ठोस छ वा तरल पदार्थले भरिएको छ, यसलाई सिस्ट भनिन्छ।

❑ **अण्डथैली अथवा अण्डकोष**

- तपाईंले केहि चित्रहरूका लागि खडा हुनु पर्ने हुन्छ।
- तपाईंलाई मल त्याग गर्दै गरेजस्तो गरी बल गर्न लगाइन सक्छ।

❑ **पेल्भिस (नाइटो देखी तलको हड्डी)**

- तपाईंले यस जाँचका लागि 32 औन्स वा 1 लिटर पानी पिउनुपर्छ जसले गर्दा तपाईंको मूत्राशय भरिनेछ।
- तपाईंको जाँचको 1 घण्टाअघि पानी पिइसक्नुहोस्।
- जाँच गरेको बेला चित्रहरू लिइनेछ।
- तपाईंलाई मूत्राशय खाली गर्न बाथरुम जाने अनुरोध गरिनेछ। बढी चित्रहरू लिइनेछ।
- महिला: जाँचको दोस्रो भाग स्टिर्रप्समा तपाईंको खुट्टा उचालेर गर्न सकिन्छ। थप चित्रहरू लिनका लागि तपाईंको योनीमा प्रोब राखिनेछ। त्यसपछि प्रोब हटाइनेछ।

## After the Test

- Return to your normal activities.
- Test results are sent to your doctor. Your doctor will share the results with you.

Talk to your doctor or nurse if you have any question or concerns.

## परीक्षणपछि

- आफ्ना सामान्य गतिविधिहरू गर्न सुरु गर्नुहोस्।
- परीक्षणका नतिजाहरू चिकित्सकलाई पठाइन्छ। तपाईंको चिकित्सकले तपाईंसँग नतिजाहरू साझा गर्नुहुनेछ।

तपाईंसित कुनै प्रश्न वा चिन्ताहरू छन् भने, तपाईंको डक्टर वा नर्ससित यसबारे कुरा गर्नुहोस्।

© 2005 - February 14, 2021, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.